सुनिलस्मृति गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
सुलिचौर, रोल्पा
२०७३

# सूचना!    सूचना!!    सूचना!!

नेपाल सरकारको गरिब घरपरिवार पहिचान भएकाको लागि परिचय पत्र वितरण गर्ने कार्यक्रम अनुसार यस सुनिलस्मृति गाउँपालिका अन्तर्गत पहिचान भएका गरिब घरपरिवारलाई तपशिल बमोजिमको मिति समय र स्थानमा गरिब घर परिवार परिचय पत्र वितरण हुने भएकाले सुनिलस्मृति गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयमा आवश्यक कागजात सहित तोकिएको ढाँचामा निबेदन दिई परिचय पत्र प्राप्त गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल:

| क्र. सं. | मिति | वडा नं | गरिब परिवार संख्या | कै. |
|---|---|---|---|---|
| १ | २०७५/०४/२७ गते | १ | ५९ | |
| २ | २०७५/०४/२८ र २९ गते | २ | १०९ | |
| ३ | २०७५/०४/३० गते | ३ | ५७ | |
| ४ | २०७५/०४/३१ र २०७५/०५/०१ गते | ४ | १०६ | |
| ५ | २०७५/०५/०३ र २०७५/०५/०४ गते | ५ | १२० | |
| ६ | २०७५/०५/०५ गते | ६ | ४१ | |
| ७ | २०७५/०५/०६ देखि २०७५/०५/११ गते सम्म | ७ | २६८ | |
| ८ | २०७५/०५/१२ देखि २०७५/०५/१४ गते सम्म | ८ | १७९ | |
| जम्मा | | | ९३९ | |

परिचय पत्र लिन आउँदा आवश्यक पर्ने कागजातहरु:

१. नेपाली नागरिकताको प्रमाण पत्र ।
२. पारिवारिक विवरण संकलन फाराम २०६९, को अर्धकट्टी ।
३. पारिवारिक विवरण संकलन फारामको अर्धकट्टी हराएको अवस्थामा सम्बन्धित वडा अध्यक्ष वा वडा सदस्यको सनाखति सिफारिस ।
४. घरमुलीले नेपाली नागरिकताको प्रमाण पत्र प्राप्त नगरेको भए वा परिवारको अन्य सदस्यको नाममा परिचयपत्र जारी गर्न आवश्यक भए प्रमाण खुल्ने कागजात पेश गर्नु पर्ने ।
५. सर्बेक्षणका समयमा परिवारमा अनूपस्थित व्यक्ति परिवार मुली हुनुपर्ने अवस्था भएमा परिचय पत्र प्राप्त गर्नका लागि उल्लेखित कागजातहरु समेत पेश गर्नु पर्ने ।
   क. पहिचान भएका परिवार मुलीसंग नाता प्रमाणित हुने कागजात वा विवाह दर्ता प्रमाण पत्र ।
   ख. महिला भए पति वा ससुराको नागरिकताको प्रमाणपत्र वा सनाखत ।
   ग. पुरुष भए वाबु वा बाजेसंग नाता प्रमाणित हुने कागजात वा कसैको सनाखत ।
   घ. पहिचान भएका परिवार मुलीको मृत्यु भएको अवस्थामा मृत्युदर्ता प्रमाणपत्र वा सो प्रमाणित हुने कागजात ।
   ङ. सर्वेक्षणमा सहभागी भई कुनै जिल्ला वा स्थानीय तहबाट अर्को जिल्ला वा स्थानीय तहमा बसाई सराई गरेको भए बसाई सराईको प्रमाण पत्र पेश गर्नु पर्ने ।
६. भिन्न क्षमता भएका र जेष्ठ नागरिक लाई प्राथमिकतामा राखी परिचय पत्र बितरण गरिने छ ।

२०७५/४/२८

सुनिलस्मृति गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
सुलिचौर, रोल्पा

प्रमुख प्रशासकीय अधिकृत